ENSSURE

Enhanced Skills for Sustainable and Rewarding Employment

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

## सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) कार्यक्रम सम्बन्धी आ.व. २०८१/०८२ को कार्यक्रम सम्बुन्धि जानकारी

नेपाल सरकार र स्वीजरल्याण्ड सरकारको द्विपक्षीय सम्झौताबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रमा कार्य गर्ने गरी स्थापित **दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना** (ENSSURE) प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय मार्फत सञ्चालनमा रहेको छ । यस परियोजनाको मुख्य कार्यक्रमको रूपमा सम्बन्धित उद्योगको सहकार्यमा विभिन्न शिक्षालय/ विद्यालय मार्फत आर्थिक वर्ष २०७९/०८० देखि अप्रेन्टिशीप कार्यक्रम कार्यान्वयनमा छ । आर्थिक वर्ष २०७९/०८० मा विभिन्न १० वटा शिक्षालयबाट सातवटा विषयमा यो कार्यक्रम सम्पन्न हुने चरणमा रहेको छ; आर्थिक वर्ष २०८०/०८१ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट स्वीकृत विभिन्न आठवटा विषयमा १३ वटा शिक्षालयहरूबाट यो कार्यक्रम सञ्चालन भइरहेको छ । साथै चालु आर्थिक वर्ष २०८१/०८२ बाट विभिन्न आठवटा विषयमा ११ वटा शिक्षालयहरूबाट यो कार्यक्रम सञ्चालन हुनेछ ।

१. औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) कार्यक्रमसम्बन्धी जानकारी

क. अप्रेन्टिशीप प्रि-डिप्लोमा कार्यक्रम २४ महिना अवधिको हुन्छ र सो अवधिमा प्रशिक्षार्थीहरूले ३.५ महिना शिक्षालयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्दछन् भने १९.५ महिना पेशासँग सम्बन्धित उद्योग/व्यवसायमा कार्यस्थलको अनुभव सहित प्रयोगात्मक अभ्यासवाट सीप आर्जन गर्दछन् । यो अवधिमा हप्ताको १ दिन शिक्षालयमा आएर थप सीप सिक्नु पर्दछ । त्यस्तै प्रशिक्षार्थीले अन्तिम १ महिना पुनः शिक्षालयमा नै फर्केर सिक्न बाँकी रहेको ज्ञान र सीप सिक्ने तथा परीक्षाको तयारी गर्दछन् ।

ख. अप्रेन्टिशीप कार्यक्रमको २४ महिनामा शिक्षालय र उद्योग/व्यवसायबाट संयुक्त रूपमा ६/६ महिनामा तीन पटक आन्तरिक मूल्याङ्कन हुनेछ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) परीक्षा नियन्त्रण कार्यालयले अन्तिम मूल्याङ्कन गरी उत्तीर्ण प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्ने गर्दछ।

ग. अप्रेन्टिशीप कार्यक्रम शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा सिकिने भएकाले यस कार्यक्रमलाई दोहोरो सिकाई प्रणाली (Dual VET) पनि भनिन्छ । शिक्षालयमा प्रशिक्षार्थीहरूले सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्दछन् भने उद्योग/व्यवसायको अनुभवी जनशक्तिको प्रत्यक्ष मातहतमा दैनिक उत्पादन प्रक्रियामा सहभागी हुँदै सीप र कार्यस्थलको अनुभव समेत प्राप्त गर्दछन ।

घ. अप्रेन्टिशीप कार्यक्रममा समावेस हुनको लागि १६ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनु पर्दछ, भने शैक्षिक योग्यताको हकमा SLC वा SEE मा सहभागी भएको हुनु पर्दछ ।

ङ. सामान्यतयाः प्रशिक्षार्थीहरूले औद्योगिक अभ्यासको अवधिमा दिनको आठ घण्टा काम गर्नुपर्ने भएपनि उद्योग/व्यवसायले आवश्यक परेको खण्डमा आपसी समझदारीमा केही समय हेरफेर गर्न सक्नेछ । दैनिक कार्य समय उद्योग/व्यवसायको आवश्यक्तानुसार तय हुनेछ ।

च. प्रशिक्षार्थीहरूले औद्योगिक अभ्यासको क्रममा नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिकको कम्तिमा २५% प्रोत्साहन स्वरूप प्रत्येक महिना उद्योग/व्यवसायबाट प्राप्त गर्दछन्।

छ. उत्तीर्ण भएका प्रशिक्षार्थीहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बाट प्रि-डिप्लोमा तहको प्रमाणपत्र प्राप्त गर्दछन्

ज. **यो कार्यक्रम निःशुल्क रहेको हुनाले प्रशिक्षार्थीहरूले शिक्षालयमा शुल्क तिर्नु पर्दैन ।**

झ. छनौट भएका प्रशिक्षार्थीहरूले सम्बन्धित शिक्षालयबाट यातायात खर्च वापत प्रतिप्रशिक्षार्थी प्रतिहाजिरी दिन रु. १००/- र वार्षिक एकपटक पोशाक वापत खर्च प्राप्त गर्नेछन् ।

ञ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट स्वीकृत नर्म्स बमोजिमको कार्यक्रम सञ्चालन खर्च सामाजिक विकास मन्त्रालयबाट सम्बन्धित शिक्षालयमा निकासा हुनेछ ।

ट. अप्रेन्टीशीप कार्यक्रमका लागि प्रशिक्षार्थी छनौट, भर्ना र सञ्चालन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट स्वीकृत **प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टीशीप) प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका - २०७९** बमोजिम हुनेछ ।

ठ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुरबाट स्वीकृत भएका विषयमा अप्रेन्टीशीप कार्यक्रम सञ्चालन हुनेछ ।

ड. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट मिति २०८१।०६।०४ गतेको गोरखापत्रमा यो कार्यक्रमको आवेदन फारम भर्ने सम्बन्धी सूचना प्रकाशित भएको छ । सूचना CTEVT को वेबसाइट https://www.ctevtexam.org.np वा https://www.enssure.org.np वा https://mosd.koshi.gov.np मा पनि हेर्न सकिनेछ ।

ढ. थप जानकारिका लागि परियोजना सहयोग इकाइको फोन नं. ०२१-४६४५०४ वा सम्बन्धित शिक्षालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

ण. देहायमा उल्लिखित विषयमा तोकिएका शिक्षालयहरू मार्फत अप्रेन्टीशीप कार्यक्रम सञ्चालन हुनेछ ।

२. आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयहरूमा अप्रेन्टिशीप कार्यक्रम सञ्चालन हुने शिक्षालयहरूको विवरण

| क्र.स. | शिक्षालयको नाम | ठेगाना | पढाई हुने विषय | कोटा | सम्पर्क व्यक्ति | सम्पर्क न. |
|---|---|---|---|---|---|---|
| | आदर्श माध्यमिक विद्यालय | बिराटनगर महानगरपालिका | Information Technology | ३० | इन्द्र बहादुर चौहान | ९८५२०२७४३७ |
| | | | Early Childhood Development Facilitator (ECDF) | ३० | | |
| २. | शैलजा आचार्य स्मृति पोलिटेक्निक | जहदा गाउँपालिका | Information Technology | २० | सन्त बहादुर अधिकारी | ९८०२७२२२०९ |
| ३. | नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान | इटहरी, उपमहानगर पालिका | Hotel Management | ३० | बहादुर शिंह तामांङ | ०२५५८०७३३ |
| ४. | राष्ट्रिय माध्यमिक विद्यालय | इटहरी उपमहानगर पालिका | Early Childhood Development Facilitator (ECDF) | २० | सरन बस्नेत | ९८५२०४२९९९ |
| ५. | मनमोहन स्मृति पोलिटेक्निक | बुधिगंगा गाउँपालिका | Mechanical Engineering | २० | लोचनराज न्यौपाने | ०२१६९१०९६ |
| | | | Automobile Engineering | २० | | |
| | | | Electrical Engineering | २० | | |
| | | | Information Technology | २० | | |
| ६. | मोहनमाया माध्यमिक विद्यालय | बिर्तामोड नगरपालिका | Early Childhood Development Facilitator (ECDF) | ३५ | शेर बहादुर श्रेष्ठ | ९८२४०१२०२६ |
| ७. | कन्काई पोलिटेक्निक | कन्काई नगरपालिका | Information Technology | ३० | खगेन्द्र मिश्र | ९८५२६३०११३ |
| | | | Building Construction | २० | | |
| ८. | पुष्प-धिरेन्द्र स्मृति प्रतिष्ठान | दमक नगरपालिका | Information Technology | ३० | यम बहादुर राई | ९८५२६७०५१७ |
| ९. | गणेशमानशिंह प्रतिष्ठान | शिवसताक्षी नगरपालिका | Information Technology | २० | आदित्य मेहेता | ९८०१४४९६५६<br>९८०८८८८६१० |
| १०. | रत्न कुमार वान्तवा बहुप्राविधिक शिक्षालय | इलाम नगरपालिका | Tea Technology | ३० | होम नाथ अधिकारी | ९८४८०२६५१५ |
| ११. | दुर्गा माध्यमिक विद्यालय | उर्लाबारी नगरपालिका | Building Construction | २५ | सुमन अधिकारी | ९८५२०४२२८८ |

१. आवेदन फाराम साथ सम्बन्धित शिक्षालयमा पेस गर्नुपर्ने आवश्यक कागजातहरू:

क. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रङ्गीन फोटो,

ख. SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग. नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

२. छनौट प्रक्रिया सम्बन्धी कार्यक्रमः

क. आवेदन फाराम वितरण गर्ने मिति : २०८१ असोज ४ गते देखि ।

ख. आवेदन फाराम पाउने र बुझाउने स्थान : सम्बन्धित शिक्षालयहरू वा परिषद्को वेबसाइट https:/www.ctevtexam.org.np वा https://www.enssure.org.np बाट डाउनलोड गरी फाराम निःशुल्क भर्ना सकिनेछ ।

ग. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०८१ असोज १८ गतेसम्म ।

घ. लिखित प्रवेश परीक्षा हुने मिति र समय : २०८१ कार्तिक ३ गते, शनिबार, बिहान ८:०० बजे

ङ. लिखित प्रवेश परीक्षा संचालन हुने स्थान : सम्बन्धित शिक्षण संस्था/शिक्षालयहरू

च. अन्तरवार्ता हुने मिति र समय : २०८१ कार्तिक ३ गते, शनिबार, दिउँसो १:०० बजे सुरू हुने

छ. अन्तरवार्ता संचालन हुने केन्दहरू : सम्बन्धित शिक्षण संस्था/शिक्षालयहरू

३. औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः

क. निःशुल्क अध्ययनको अवसर।

ख. यातायात खर्च वापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १००/- का दरले उपलब्ध हुने।

४. उत्तीर्ण सुचिमा रहने प्रशिक्षार्थीका सम्बन्धमाः

लिखित तथा अन्तर्वार्तामा जुन कार्यक्रमका लागि सम्मिलित भएको हो त्यहि कार्यक्रममा मात्र योग्यता क्रमानुसार भर्ना हुन सक्नेछ । तर अन्य कार्यक्रममा भर्ना हुन पाउने छैन।

नोटः विद्यार्थी छनौट प्रकृयामा सफल गरौंई अध्ययनको अवसर प्रदान गराइ दिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही प्रशिक्षार्थी छनौट प्रकृया मर्यादित एवं निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफूले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा CTEVT को प्रदेश कार्यालय इटहरी-सुनसरी र CTEVT को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राखुहुन सूचित गरिन्छ । यो सूचना CTEVT को वेबसाइट https://www.ctevtexam.org.np वा https://www.enssure.org.np वा https://mosd.koshi.gov.np मा पनि हेर्न सकिनेछ।

| कार्यान्वयनः | थप जानकारीको लागि सम्पर्कः | | प्राविधिक सहयोगः |
|---|---|---|---|
| प्रदेश सरकार<br>सामाजिक विकास मन्त्रालय<br>कोशी प्रदेश, विराटनगर | सामाजिक विकास मन्त्रालय<br>फोन नं.: ९८४२०७०९९८<br>विराटनगर | परियोजना सहयोग इकाइ<br>फोन नं.: ०२१-४६३५०४<br>विराटनगर | HELVETAS NEPAL |

महाशाखा प्रमुख